आज मिति २०८२ जेठ महिना ७ गते बुधबार दिनको २:००बजे देखि बेलका नगर कार्यपालिकाको चालु आ.व.२०८१\०८२ को २३ औं बैठक नगर प्रमुख.श्री अशोक कार्की ज्युको अध्यक्षतामा र देहाय बमोजिमको उपस्थितिमा बसी देहायको निर्णयहरु गरियो।

| क्र.स. | नाम थर | पद | ठेगाना | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री अशोक कार्की | नगर प्रमुख | बे.न.पा. | | |
| २ | श्री जिरा राई | नगर उप-प्रमुख | बे.न.पा. | | |
| ३ | श्री दिनेश्वर प्रसाद चौधरी | वडा अध्यक्ष | बे.न.पा.१ | | |
| ४ | श्री प्रेम बहादुर दाहाल | वडा अध्यक्ष | बे.न.पा.२ | | |
| ५ | श्री टंक प्रसाद आचार्य | वडा अध्यक्ष | बे.न.पा.३ | | |
| ६ | श्री तिर्थ राज अधिकारी | वडा अध्यक्ष | बे.न.पा.४ | | |
| ७ | श्री दिपक राज रेग्मी | वडा अध्यक्ष | बे.न.पा.५ | | |
| ८ | श्री वसन्त कुमार मगर | वडा अध्यक्ष | बे.न.पा.६ | | |
| ९ | श्री निकेश राई | वडा अध्यक्ष | बे.न.पा.७ | | |
| १० | श्री जय कुमार राई | वडा अध्यक्ष | बे.न.पा.८ | | |
| ११ | श्री भरत घिमिरे | वडा अध्यक्ष | बे.न.पा.९ | | |
| १२ | श्री चन्द्रकला परियार | का.पा.स. | बे.न.पा. | | |
| १३ | श्री विष्णु कुमारी परियार | का.पा.स. | बे.न.पा. | | |
| १४ | श्री नानीमैया खतिवडा | का.पा.स. | बे.न.पा. | | |
| १५ | श्री निर्मला बि.क. | का.पा.स. | बे.न.पा. | | |
| १६ | श्री राजेन्द्र परियार | का.पा.स. | बे.न.पा. | | |
| १७ | श्री सरिता बिश्वकर्मा | का.पा.स. | बे.न.पा. | | |
| १८ | श्री निर बा.बिश्वकर्मा | का.पा.स. | बे.न.पा. | | |
| १९ | श्री रवि किरण आचार्य | नि.प्र.प्र.अ. | बे.न.पा. | | |

अन्य उपस्थिति

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | श्री नवीन कौशल | इन्जिनियर | बे.न.पा. | | |
| २२ | श्री रण बहादुर बुढाथोकी | क.अ. | बे.न.पा. | | |
| २३ | श्री मोहन कार्की | न.प्र. स्वकीय सचिव | बे.न.पा. | | |
| २४ | श्री भैरव ब. मगर | राजस्व शाखा प्र./योजना शाखा प्र. | | | |
| २५ | श्री रमेश कार्की | इन्जिनियर | ,, | | |

आज मिति २०८२ जेठ महिना ८ गते बिहिबार बिहानको ८:००बजे देखि बेलका नगर कार्यपालिकाको चालु आ.व.२०८१\०८२ को २३ औं बैठकको निरन्तरता दोस्रो दिन नगर प्रमुख श्री अशोक कार्की ज्युको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बसी देहायको निर्णयहरु गरियो।

| क्र.स. | नाम थर | पद | ठेगाना | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री अशोक कार्की | नगर प्रमुख | बे.न.पा. | | |
| २ | श्री जिरा राई | नगर उप-प्रमुख | बे.न.पा. | | |
| ३ | श्री दिनेश्वर प्रसाद चौधरी | वडा अध्यक्ष | बे.न.पा.१ | | |
| ४ | श्री प्रेम बहादुर दाहाल | वडा अध्यक्ष | बे.न.पा.२ | | |
| ५ | श्री टंक प्रसाद आचार्य | वडा अध्यक्ष | बे.न.पा.३ | | |
| ६ | श्री तिर्थ राज अधिकारी | वडा अध्यक्ष | बे.न.पा.४ | ९८२०६०९८४१ | |
| ७ | श्री दिपक राज रेग्मी | वडा अध्यक्ष | बे.न.पा.५ | | |
| ८ | श्री वसन्त कुमार मगर | वडा अध्यक्ष | बे.न.पा.६ | | |
| ९ | श्री निकेश राई | वडा अध्यक्ष | बे.न.पा.७ | | |
| १० | श्री जय कुमार राई | वडा अध्यक्ष | बे.न.पा.८ | | |
| ११ | श्री भरत घिमिरे | वडा अध्यक्ष | बे.न.पा.९ | | |
| १२ | श्री चन्द्रकला परियार | का.पा.स. | बे.न.पा. | | |
| १३ | श्री विष्णु कुमारी परियार | का.पा.स. | बे.न.पा. | | |
| १४ | श्री नानीमैया खतिवडा | का.पा.स. | बे.न.पा. | | |
| १५ | श्री निर्मला बि.क. | का.पा.स. | बे.न.पा. | | |
| १६ | श्री राजेन्द्र परियार | का.पा.स. | बे.न.पा. | | |
| १७ | श्री सरिता बिश्वकर्मा | का.पा.स. | बे.न.पा. | | |
| १८ | श्री निर बा.बिश्वकर्मा | का.पा.स. | बे.न.पा. | | |
| १९ | श्री रवि किरण आचार्य | नि.प्र.प्र.अ. | बे.न.पा. | | |

अन्य उपस्थिति

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | श्री नवीन कौशल | ईन्जिनियर | बे.न.पा.. | | |
| २२ | श्री मेरुप बहादुर मगर | योजना शाखा प्र. | बे.न.पा. | | |
| २३ | श्री तारानाथ आचार्य | राजस्व शाखा | बे.न.पा. | ९८४२८८६३६६ | |
| २४ | श्री मोहन कार्की | केन्द्रको प्राविधिक सहायक | बे.न.पा. | | |
| २५ | श्री रमेश कार्की | ईन्जिनीयर | बे.न.पा. | | |
| २६ | श्री रण ब. कुमाल न.प्र. | | 〃 | | |

बेलका नगरपालिका, उदयपुर

आर्थिक वर्षः २०८१/०८२

नगर कार्यपालिका बैठकसंख्याः २३

मितिः २०८२/०३/०७ गते दिनको २:०० बजे

१. जग्गाको न्यूनतम मूल्यांकन सम्बन्धमा ।

२. नदीजन्य पदार्थ उत्खनन् गर्दा मेशिनरी औजार प्रयोग गर्ने सम्बन्धमा ।

३. भूमिहीन सुकुम्वासी, भूमिहीन दलित र अव्यवस्थित वसोवासीको नक्शा अध्यावधिक सम्बन्धमा ।

४. आर्थिक/सवारी साधन सहयोग सम्बन्धमा ।

   क. ईलाका प्रहरी कार्यालय, रामपुर ठोक्सिला (सवारी मर्मत)

   ख. सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेश क्याम्प, बेलका-८ (सवारी मर्मत)

   ग. राष्ट्रिय अनुसन्धान शाखा कार्यालय, रामपुर

   घ. ट्राफिक प्रहरी मेश व्यवस्थापन सहयोग

   ङ. किरात राई यायोक्खा, बेलका-१ (आर्थिक सहयोग)

   च. भूमि समस्या समाधान आयोग, गाइघाट (आर्थिक सहयोग)

   छ. नमूना डिप ट्युववेल उ. भो, स., बेलका-३ नमूना टोल

   ज. सेवाकेन्द्र व्याटमिन्टन कभर्ड हल, बेलका-९

५. पाताल स्वास्थ्य चौकी निर्माण सम्बन्धमा ।

६. योजना सम्झौता सम्बन्धमा ।

७. वडा नं. ८ को वडा कार्यालयको कम्पाउण्ड वाल निर्माण सम्बन्धमा ।

८. वडास्तरीय योजनाहरूको DPR सम्बन्धमा ।

९. भूतिया पहुँचमार्ग तथा परिषर निर्माणको ठेक्का सम्बन्धमा ।

१०. वडा नं. ८ को आधारभूत स्वास्थ्य चौकी मर्मत तथा तार घेरवेरा सम्बन्धमा ।

११. साकेला पार्क मैनामैनी निर्माण तथा पारूहाङ-सुम्निमा मूर्ति खरिद सम्बन्धमा ।

१२. साकेला पार्क, बेलका-६ मा प्राविधिक जनशक्ति व्यवस्थापन सम्बन्धमा ।

१३. विभिन्न आयोजनाहरूको म्याद थप सम्बन्धमा भएको निर्णय अनुमोदन सम्बन्धमा ।

   क. सोमवारे-मायुङटार सडक (वोसाङ खण्ड) स्तरोन्नती सम्बन्धमा ।

   ख. आम्वासी-पुरन्दह-भागलपुर-रामपुर (पुरन्दह खण्ड) सडक निर्माण तथा स्तरोन्नती सम्बन्धमा ।

१४. मैनीखोला स्ल्याव कल्भर्ट निर्माण सम्बन्धमा ।

१५. वडा स्तरीय अनुगमन समिति निर्माण सम्बन्धमा ।

१६. घर-नक्शा पास सम्बन्धमा ।

१७. विद्युतीय पोल विस्तार तथा प्रतिस्थापन सम्बन्धमा ।

१८. सेतीखोला रिङ्गरोड सम्बन्धमा ।

१९. रामपुर खानेपानी आयोजनाको पाइपलाईन विस्तार सम्बन्धमा ।

२०. वडा नं. ३ को वडा कार्यालयभवनको सभाहल निर्माण सम्बन्धमा ।

२१. नगर अस्पतालमा चिकित्सक (MBBS) पदपूर्ति सम्बन्धमा ।

२२. वडागत स्वास्थ्य चौकीहरुमा कर्मचारी भर्ना सम्बन्धमा ।

२३. भवन तथा पुलको परामर्श सेवा खरिद सम्बन्धमा ।

२४. योजना कार्यन्वयनका लागि दररेट माग सम्बन्धमा ।

२५. बिभिन्न वडा अन्तर्गतका सडकहरुको परामर्श सेवा खरिद सम्बन्धमा ।

२६. कृषि उत्पादकत्व वृद्धि गर्नका लागि जग्गा सुधार तथा व्यवस्थापन कार्यविधि, २०८१ सम्बन्धमा ।

२७. वन तथा भू-संरक्षण विभागको वन विकास कोषमा रकम दाखिला सम्बन्धमा ।

अशोक कार्की

नगर प्रमुख

अशोक कार्की

नगर प्रमुख

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा मालपोत कार्यालय उदयपुर, गाईघाट, (बोक्से) को आ.व. २०८१/०८२, मिति २०८२/०२/०५ र च.नं. ४७२२ को प्राप्त पत्रानुसार यस बेलका नगरपालिका अन्तर्गत पर्ने जग्गाको आगामी आ.व. २०८२/०८३ को लागि रजिष्ट्रेसन प्रयोजनार्थ जग्गाको न्यूनतम मूल्याङ्कन निर्धारण गर्न बाटो, सडक विस्तार, निर्माण, सडकको स्तरोन्नती, अन्य भौतिक पूर्वाधारमा विकास भई चालु आ.व.को लागि निर्धारण गरिएको जग्गाको न्यूनतम मूल्याङ्कनमा थप गर्नुपर्ने/यथावत राख्न पर्ने भए, कुनकुन बाटो भएको र बाटो नभएको, वर्गिकरण समेतलाई आधार बनाई चालु आ.व.को लागि तोकिएको मूल्याङ्कन भन्दा घटि नहुने गरी बेलका नगरपालिकाको जग्गाको न्यूनतम मूल्याङ्कन गरी यहि ज्येष्ठ मसान्तभित्र पठाइदिन हुन भनि अनुरोध भएकोमा यस विषयमा वडा समितिमा आवश्यक छलफल गरी मिति २०८२/०२/१५ गतेभित्र यस बेलका नगर कार्यपालिकाको कार्यालयमा निर्णय पेश गर्ने गरी वडा कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा नदीजन्य पदार्थ उत्खनन् गर्दा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को प्रतिवेदनमा उल्लेख भएबमोजिम, नगर कार्यपालिकाले तयार पारेको उत्खनन् कार्य योजना र त्यसका आधारमा भएको सम्झौतामा उल्लेख भएका शर्तहरूको अधिनमा रहि खोलाको आधार र किनार/धारमा असर नपर्ने गरी मेशीनरी औजार र हेभ्भी इक्विपमेन्ट प्रयोग गर्न अनुमति प्रदान गर्न सकिने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. २ माथि छलफल गर्दा बेलका नगरपालिकाभित्रका भूमिहिन सुकुम्बासी, भूमिहिन दलित र अव्यवस्थित बसोवासीका सन्दर्भमा, नापी भईसकेका जग्गाहरूका विभिन्न कारणले गर्दा नक्सामा हेरफेर वा अध्यावधिक गर्नुपर्ने बारेमा मिति २०८२ ज्येष्ठ मसान्तभित्र नक्सा अध्यावधिक कार्यविधि बनाई सोहि कार्यविधिका आधारमा सूचना जारी गरि एकपटकलाई नक्सा अध्यावधिक गरि व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल तपशीलका विभिन्न संघसस्था वा निकायहरूबाट आर्थिक वा अन्य सहयोगका सम्बन्धमा देहाय बमोजिम सहयोग गर्ने निर्णय गरियो ।

| क.सं. | संघ संस्थाको नाम | विषय | निर्णय भएको रकम | स्रोत |
|---|---|---|---|---|
| १. | ईलाका प्रहरी कार्यालय, रामपुर ठोक्सिला | सवारी मर्मत | ५०,०००।- | नेपाल प्रहरी/सशस्त्र प्रहरी अन्य साझेदारी कार्यक्रम |
| २. | सशस्त्र प्रहरी बल बेस क्याम्प, डुडखोला | | ६०,०००।- | |
| ३. | राष्ट्रिय अनुसन्धान शाखा कार्यालय, रामपुर | | १०,०००।- | |
| ४. | ट्राफिक प्रहरी मेश व्यवस्थापन सहयोग | | २५,०००/- | नेपाल प्रहरी/सशस्त्र प्रहरी अन्य साझेदारी कार्यक्रम |
| ५. | किरात राई यायोक्खा | | ५०,०००।- | उपलब्ध श्रोतबाट |
| ६. | भूमि समस्या समाधान आयोग | तलब साझेदारी | ६५,०००।- | उपलब्ध श्रोंतबाट |
| ७. | नमुना डिप ट्युबवेल उ.भो.स., बेलका-३, नमुना टोल | चट्याङबाट विद्युतिय प्रणालीमा भएको क्षतिपूर्ति | १,००,०००।- | नगर स्तरीय विपद् व्यवस्थापन कोष |
| ८. | सेवाकेन्द्र व्याटमिन्टन कभर्ड हल, बेलका-९ | परिसर घेरवेरा | १,००,०००/- | उपलब्ध श्रोतबाट |

निर्णय नं. ५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस बेलका नगरपालिका, वडा नं.-६ का लागि कोशी प्रदेश सरकारको आ. व. २०८१/०८२ को सशर्त अनुदान अन्तर्गत पाताल स्वास्थ्य चौकी निर्माणको लागि प्राप्त अनुदान रकम रु. २५,००,०००/- (पच्चीस लाख रुपैयाँ) बाट योजना कार्यन्वयन गर्न सोहि वडा नं. ६ मा पहिलेबाट नै बबला स्वास्थ्य चौकी संचालनमा रहेको हुँदा एकै वडामा २ वटा स्वास्थ्य चौकी संचालन गर्न नमिल्ने भएकोले उक्त विनियोजित रकमबाट बबला स्वास्थ्य चौकीको भवन निर्माण गर्दा भुक्तानी गर्न बाँकी रहेको रकम रु. ५ लाख रकम भुक्तानी गर्ने र बाँकी रकम रु. २० लाखबाट सोहि वडा नं. ६ को लामीडाँडामा शिल्ड कोटेसन बाट खोपकेन्द्र भवन निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालु आ. व. २०८१/०८२ को सम्पूर्ण योजनाहरु असाढ १० गतेभित्र सम्पन्न गर्नुपर्ने भएको र हाल योजना कार्यन्वयन गर्न समय न्यून देखिएकोले अत्ति आवश्यक योजनाहरु मिति २०८२/०२/१५ गतेसम्म सम्झौता गर्ने गराइसक्ने निर्णय गरियो ।

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ. व. २०८१/०८२ को स्वीकृत ८ नं. वडाको वडास्तरीय योजना **वडा कार्यालयको कम्पाउण्ड वाल निर्माण**को ठेक्का सम्झौता पश्चात बाँकि रहेको रु. २,२०,०००/- (दुई लाख बिस हजार) बाट पनि कम्पाउण्ड वालकै बाँकी थप निर्माण कार्य गर्नेगरी उपभोक्ता समिति गठन गरी समिति मार्फत कार्यन्वयन गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ. व. २०८१/०८२ को स्वीकृत योजना बैंकका लागि डी. पि. आर. तयार गर्ने प्रयोजनका लागि यस अघि सम्बन्धित वडाहरूबाट प्राप्त भएका विवरण अनुसार लागत अनुमान तयार गर्दा बजेट रकम भन्दा बढी हुन गएकोले समबन्धित वडा अध्यक्षसँग समन्वय गरी डी. पि. आर. को परिमाण संशोधन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा Construction of access road and other road structure, Pedestrian Bridge and beautification of Bhutia Daha Belaka Municipality, ward no. 5, Udaypur, ठेक्का नं. 09/BELAKA/NCB/W/2077-078 निर्माण कार्यको सम्झौता मिति २०७८/०९/०७ गते निर्माण कम्पनी जगदम्बा-कौशिल-इन्द्रेणी जे. भी., त्रियुगा-११, गाईघाटसँग भएकोमा निज कम्पनीले पहिलो रनिङ्ग बिल बापत रु. ११,१९,२४३.२५ पेश गरी पेश्की लिएको रु. २०,००,०००/- मध्ये रु. १०,१६,२३३/- फस्योंट भएको र रु. ९,८३,७६८/- पेश्की फस्योंट हुन बाँकी देखिन्छ । बेलका नगर कार्यपालिकाको २०औं कार्यपालिका बैठकले निर्माण व्यवसायीसँग छलफल गर्न पत्राचार गर्ने निर्णय भएबमोजिम मिति २०८२/०१/२४ गते च. नं. ११९२ को पत्र मार्फत निर्माण व्यवसायीलाई छलफलमा उपस्थित हुन मिति, समय र स्थान समेत उल्लेख गरी पत्राचार गर्दा पनि पत्रलाई बेवास्ता गरी छलफलमा उपस्थित नभएको र निज निर्माण कम्पनिलाई उपलब्ध गराइएको पेश्की सार्वजनिक खरिद ऐन, २०६३ कोदफा ५२ (क) को उपदफा(६) बमोजिम सम्बन्धित काममा सदुपयोग भएको नपाइएकोले निज निर्माण व्यवसायीलाई पेश्की रकम रु. ९,८३,७६८/- मा थप ब्याज सहित जम्मा हुन आउने रकम यस बेलका नगर कार्यपालिकाको कार्यालयको कुमारी बैंक, रामपुर शाखामा दाखिला

अशोक कार्की
नगर प्रमुख

गर्नको लागी सात दिने म्याद राखी पत्राचार गर्ने, तोकिएको अवधीमा पेश्की रकम फस्यौंट नगरेमा कानून बमोजिम कारवाहीको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १०** प्रस्ताव नं. १० माथि छलफल गर्दा आ. व. २०८१/०८२को कोशी प्रदेश सरकारबाट हस्ताक्षरित सशर्त योजना बेलका न. पा., वडा नं. ८ अन्तर्गत **आधारभूत स्वास्थ्य चौकी मर्मत तथा तारघेरा** योजना कार्यन्वयनबाट बाँकी रहेको रकम रु. १,४०,०००/- (एक लाख चालिस हजार) बाट सोहि कम्पाउण्ड वालको बाँकी थप निर्माण कार्य गर्ने गरी उपभोक्ता समिति गठन गर्ने र समिति मार्फत योजना कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ११** प्रस्ताव नं. ११ माथि छलफल गर्दा संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान तर्फको योजना **साकेला थान निर्माण बेलका न. पा. ७** सम्बन्धमा स्थानीय सरोकारवालाहरुको आवश्यकता अनुसार निजहरुको सथानीय संस्कृति तथा पहिचान झल्कने पारुहाङ्ग र सुम्निमाको मुर्ति स्थापना पनि गर्नुपर्ने माँग भएको हुँदा यस नगर कार्यपालिकाको कार्यालयले नै मुर्ति खरिद गरी स्थापनाका लागि सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने र बाँकि रकमबाट साकेला थान परिसर घेरवेरा गर्ने सरोकारवालाहरुको निर्णय अनुसार, उपभोक्ता समिति मार्फत उक्त योजना कार्यन्वयन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. १२** प्रस्ताव नं. १२ माथि छलफल गर्दा संघीय सरकारबाट हस्तान्तरित सशर्त तर्फको योजना **साकेला पार्क निर्माण किरौंत चोक बेलका न. पा. — ६ उदयपुर** योजनाको दैनिक निर्माण कार्य सुपरिवेक्षण, नापी तथा प्रगति प्रतिवेदन पेश गर्न दैनिक डोर हाजिरिमा एकजना सिभिल सव-इन्जिनियर वा सो सरहको प्राविधिक जनशक्ति नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३(क)** प्रस्ताव नं. १३(क) माथि छलफल गर्दा Construction and Upgrading of Sombare – Mayungtaar Road ( Boptang Section ), ठेक्का नं. :- 04/BELAKA/NCB/W/2081-082 निर्माण कार्यको सम्झौता मिति २०८१/११/२८ गते भई सम्झौताको शर्त अनुसार मिति २०८२/०२/०१ सम्म सम्पन्न गर्नुपर्नेमा निर्माण व्यवसायीको मिति २०८१/०१/०७ गतेको म्याद थप सम्बन्धि माँग निवेदन अनुसार यस नगर कार्यपालिकाको कार्यालयलाई थप आर्थिक भार नपर्नेगरी मिति २०८२ साल आषाढ १५ गते सम्मलाई म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३(ख)** प्रस्ताव नं. १३(ख) माथि छलफल गर्दा Construction and Upgrading of Rampur – Saatpatre-Bhagalpur-Aambasi Road ( Purandaha Section ), ठेक्का नं. :- 03/BELAKA/NCB/W/2081-082 निर्माण कार्यको सम्झौता मिति २०८१/११/२८ गते भई सम्झौताको शर्त अनुसार मिति २०८२/०२/०१ सम्म सम्पन्न गर्नुपर्नेमा निर्माण व्यवसायीको मिति २०८१/०१/०५ गतेको म्याद थप सम्बन्धि.माँग निवेदन अनुसार यस नगर कार्यपालिकाको कार्यालयलाई थप आर्थिक भार नपर्नेगरी मिति २०८२ साल आषाढ १५ गते सम्मलाई म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४** प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस बेलका नगरपालिकाको नगरसभाको १५औ अधिवेशनबाट निर्णय भएको **मैनीखोला स्ल्याव कल्भर्ट निर्माण** योजनाका सम्बन्धमा निर्माण कार्यको निर्माण अवधि ६ महिना हुने

रवि किरण आचार्य
प्रमुख प्रशासकीय अधिकृत

अशोक कार्की
नगर प्रमुख

गरी हाल लागत अनुमान तयार गर्ने र योजना कार्यन्वयनका लागि भनेर विनियोजन भएको रु. २१,००,०००/- (एक्काइस लाख रुपैयाँ) बाट नपुग थप रकम आगामी आ. व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रममा व्यवस्थापन हुनेगरी ठेक्का प्रक्रियाबाट योजना कार्यन्वयनका लागि आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५** प्रस्ताव नं. १५ माथि छलफल गर्दा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ बमोजिम देहायको वडा स्तरीय अनुगमन समिति गठन गरी योजना अनुगमनको कार्य चुस्त दुरुस्त बनाउने र अनुगमन पेश गर्न वडा कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो ।

<u>वडा स्तरीय अनुगमन समिति</u>

- सम्बन्धित वडाको वडाध्यक्ष — संयोजक
- वडा सदस्यहरु - सदस्य
- वडा कार्यालयको सचिव - सदस्य सचिव

**निर्णय नं. १६** प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस बेलका नगरपालिका क्षेत्रभित्र भवन तथा अन्य संरचना निर्माण गर्ने कार्यलाई व्यवस्थित गर्न घर-नक्शा पास गर्नु पर्ने नियम अनिवार्य पालना गराउन र कडाईका साथ लागु गर्न सो सम्बन्धमा वडा स्तरीय अभिमुखीकरण तथा प्रचारप्रसार गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७** प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस बेलका नगर पालिकाभित्रका सडक अधिकार क्षेत्र भित्र र अन्य आवश्यक क्षेत्रमा विद्युतीय पोल र तार स्थानान्तरण एवं प्रतिस्थापन गर्न नेपाल बिद्युत प्राधिकरणलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८** प्रस्ताव नं. १८ माथि छलफल गर्दा Construction and Upgrading of Setikhola Ring Road, ठेक्का नं. 05/BELAKA/NCB/W/2081-082 निर्माण कार्यमा लागत अनुमानमा छुट हुन गएका अत्ति आवश्यक स्थानहरुमा ह्युम पाइप जडानको लागि अनुसूची-१ बमोजिमको भेरिएशन् आदेश जारी गरी निर्माण कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९.** प्रस्ताव नं. १९ माथि छलफल गर्दा संघीय सरकारबाट हस्तान्तरित विशेष अनुदान तर्फको योजना **"रामपुर खानेपानी आयोजना"** अन्तर्गत डिजाइन ड्रविङ्गमा छुट हुन गएका बस्तिहरुमा, स्थानीयवासीहरुले माँग गरेका र आवश्यकता देखिएका, प्राविधिक दृष्टिकोणबाट सम्भव देखिएका स्थानहरुमा पाइपलाइन विस्तार गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०.** प्रस्ताव नं. २० माथि छलफल गर्दा बेलका नगरपालिका वडा नं. ३ को वडा कार्यालय भवनलाई व्यवस्थित गर्न र थप सुविधा सम्पन्न बनाउन हाल निर्माण भएको भवनको कम्पाउण्ड वाल प्लाष्टर र रङ्गरोगन गर्न र पहिलो तल्लामा सभाहल निर्माण गर्न लगभग ३५ लाख रुपैयाँ बराबरको लागत अनुमान तयार गर्ने र वडा कार्यालयबाट विनियोजन भएको रकम रु. ५,००,०००/- (पाँच लाख रुपैयाँ) मा थप नपुग रकम यस बेलका

अशोक कार्की
नगर प्रमुख

नगरपालिकाको आ. व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रममा विनियोजन हुने गरी योजना कार्यान्वयन गर्नकालागि चालु आ.व. २०८१/०८२ भित्र ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं. २१. प्रस्ताव नं. २१ माथि छलफल गर्दा वडा नं. ९ मा संचालनमा रहेको बेलका नगर अस्पतालमा बिरामीहरुको अत्यन्त चाप रहेको र हाल एक जना चिकित्सकको मात्र दरवन्दी रहेको तर अस्पताल २४ सैं घन्टा संचालन गर्नु परेकोले एक जना चिकित्सकको कार्य बोझ धेरै भएको, गुणस्तरिय सेवा प्रवाहमा कठिनाई भईरहेको, मदन भण्डारी राजमार्ग अस्पताल संगै जोडिएको कारण दुर्घटनाका बिरामीहरु आउने गरेको, स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्नु परेको, नगरपालिका भित्रका अन्य वडाहरुमा स्वास्थ्य शिविर मार्फत गर्भवती जाँच, गर्भवतीका लागि निःशुल्क भिडियो एक्स रे सेवा, सुत्केरी जाँच, अपाङ्गता जाँच, जेष्ठ नागरीकहरुलाई चिनी रोगको जाँच र उच्च रक्तचाप रोगको जाँच तथा उपचारको लागि एक जना चिकित्सकबाट कठिनाई भईरहेको, हाल बर्षातको समय शुरु भएको र बिगतको बर्ष झै यसपालि पनि बिभिन्न किसिमको सरुवा रोगहरु डेंगु, स्क्रवटाईफस जस्ता रोगहरु फैलिने सम्भावना रहेको सन्दर्भमा बेलका नगर अस्पताल ब्यवस्थापन समितीको मिति २०८१।१०।१७ गतेको बैठकबाट निर्णय नं. ५ बाट चिकित्सक संख्या एक माग समेत भई आएको हुँदा सेवा प्रवाहलाई २४ सैं घन्टा संचालनका लागि बेलका नगर अस्पतालमा एक जना चिकित्सकको दरवन्दी स्वीकृतीका लागी स्वास्थ्य साखा प्रमुखबाट आएको माग निवेदन उपर छलफल एक जना चिकित्सक (MBBS) को अत्यावश्यक देखिएको र चालु आ.व.२०८१।०८२ को अषाढ मसान्त सम्मको चिकित्सकको तलव भत्ता समेत स्वास्थ्य शाखा मार्फत १५ औं नगर सभाबाट सुनिश्चित भएकोले तत्काल बिज्ञापन प्रकाशनका लागि अनुमती प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. २२. प्रस्ताव नं. २२ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत बिभिन्न वडाहरुमा संचालनमा रहेको स्वास्थ्य संस्थाहरुमा दरवन्दी अनुसारको कर्मचारीहरु रिक्त रहेको सन्दर्भमा नगर कार्यपालिकाको बैठक संख्या १, मिति २०८१।४।३ गतेको बैठकको निर्णय नं. ८ बाट कर्मचारी भर्नाका लागि पारित भएको र प्रमुख प्रशासकीय अधिकृतबाट मिति २०८१।५।१२ गतेमा बिज्ञापन प्रकाशनका लागि टिप्पणी समेत सदर भई सकेको हुँदा पदपूर्तिका लागी विज्ञापन प्रकाशन गर्ने निर्णय गरियो।

निर्णय नं. २३. प्रस्ताव नं. २३ माथि छलफल गर्दा आर्थिक बर्ष २०८१/०८२ को स्वीकृत तपसिल वमोजिमका परामर्श सेवाका लागि यस नगरपालिकामा स्वीकृत भएका परामर्शदाता मध्ये देहायका परामर्शदातासँग प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

अशोक कार्की
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| १. | नगर प्रोफाइल तयारी (Census Based) | क. Center for Sustainable Development Studies Pvt. Ltd., Lalitpur<br>ख. ईन्सेल्फ वेस्टर्न नेपाल प्रा. लि., नेपालगंज-१, बाँके<br>ग. Sitara Consult Pvt. Ltd. Chakupat Lalitpur, Nepal. | |
| २. | श्री कान्चिराङ्ग मा. वि., बेलका-७ को लागि १२-कोठे विद्यालय भवनको डी. पि. आर. तयारी | क. निर्भाण इन्जिनियरिङ्ग कन्सल्टेन्सी, बेलका-९, उदयपुर<br>ख. इन्कुसिभ कन्सल्टेन्ट्स प्रा. लि., सितापाइला काठमाडौं<br>ग. ड्रिम हाउस इन्जिनियरिङ्ग सोलुसन, टिकाथली भक्तपुर | |
| ३. | जोगिनी खोला र भाल्वन्ति खोलामा पुल निर्माणको लागि सम्भाव्यता अध्ययन, माटो परिक्षण तथा डी. पि. आर. | क. प्रोडेस्क इन्जिनियरिङ्ग कन्सल्टेन्सी ईन्क प्रा. लि., नयावस्ती काठमाडौं<br>ख. ग्राडीयन्ट इन्जिनियरिङ्ग कन्सल्टेन्सी, चन्द्रागिरी काठमाडौं<br>ग. प्रिमियर इन्जिनियरिङ्ग सोलुसन, कालधार काठमाडौं | |

निर्णय नं. २४. प्रस्ताव नं. २४ माथि छलफल गर्दा आर्थिक बर्ष २०८१/८२ को स्वीकृत तपसिल वमोजिमको योजनाहरुको कार्यन्वयनको लागि उपभोक्ता समिति गठन नभएको र हालको अवस्थामा ठेक्का प्रक्रिया द्वारा कर्यान्वियन गर्दा लामो समय लाग्ने र आर्थिक बर्ष भित्र सम्पन्न नहुने अवस्था देखिदा नगरपालिकामा सुचिकृत रहेका देहायका निर्माण कम्पनीलाई दररेट माग गरी ख़रिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

| क्र. स. | योजनाको नाम र स्थान | निर्माण कम्पनीको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | नेवारटोल कल्भर्ट निर्माण तथा ह्युमपाईप/रामजीको घरछेउ कल्भर्ट निर्माण वडा नं-४ | क. एम. टी. कन्स्ट्रक्सन, म्याङ्गलुङ्ग-२ तेह्रथुम<br>ख. रेमा कन्स्ट्रक्सन, म्याङ्गलुङ्ग-२ तेह्रथुम<br>ग. सन्तनैना निर्माण सेवा, बेलका-८ उदयपुर | |

रवि किरण आचार्य प्रमुख प्रशासकीय अधिकृत

अशोक कार्की नगर प्रमुख

| | | | |
|---|---|---|---|
| २. | सिर्जनाटोल सडक मर्मत तथा एजीङ्ग, वडा नं. ९ | क. उत्कृष्ट विल्डर्स एण्ड सप्लायर्स<br>ख. विश्वकर्मा कन्स्ट्रक्सन, वेलका<br>ग. एन एण्ड वि. कन्स्ट्रक्सन, बेलका | |
| ३. | Construction of Culvert and Median Strip in Aambasi- Bhagalpur- Rampur Road (Purandaha Section) | क. अम्बिका कन्स्ट्रक्सन, इनरुवा-२ सुनसरी<br>ख. न्यू बराहक्षेत्र निर्माण सेवा, बराहक्षेत्र-४ सुनसरी<br>ग. माँ पाथिभरा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि., बराहक्षेत्र-७ सुनसरी | |
| ४. | (बक्सिखोप-आँपचैले) र (दुधे-बगुवा) छङ्गछङ्गे सडक मर्मत, वडा नं. ६ | क. माँ चन्द्र कन्स्ट्रक्सन प्रा. लि., वेलका-४ उदयपुर<br>ख. बि एण्ड बि निर्माण सेवा, चौदण्डीगढी-६, उदयपुर<br>ग. गहतराज निर्माण सेवा, बेलका-९ उदयपुर | |

**निर्णय नं. २५.** प्रस्ताव नं. २५ माथि छलफल गर्दा नगरसभाको १५औ अधिवेशनबाट निर्णय भएको **बिभिन्न वडा अन्तर्गतका सडकहरुको डी. पि. आर. तयारी** योजनाको परामर्श सेवा खरिद गर्नका लागि आशय पत्र (EOI) को सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६.** प्रस्ताव नं. २६ माथि छलफल गर्दा बेलका नगरपालिका भित्रका विभिन्न क्षेत्रका जग्गाहरुमा कृषि उत्पादकत्व वृद्धि गर्नका लागि जग्गा सुधार गर्नुपर्ने आवश्यकता देखिएका स्थानहरुमा जग्गा सुधार गर्नका लागी अपनाउनु पर्ने सबैखाले कार्यहरु गर्न, उचित व्यवस्थापन गर्न र नियमन गर्नको लागि एउटा स्थानीय ऐन तथा कार्यविधिको निर्माण गर्नुपर्ने भएको हुँदा यस विषयमा विज्ञ सहितको उपस्थितिमा विषयगत समितिबाट मस्यौदा तयार भई विधायन समितिको मिति २०८२/०२/०५ गतेको बैठकमा पेश भएको **"कृषि उत्पादकत्व वृद्धि गर्नका लागि जग्गा सुधार तथा व्यवस्थापन कार्यविधि, २०८१"** मा दफावार छलफल गरी सर्वसम्मतिले स्वीकृतिका लागि सिफारिस भई आएको उक्त कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो । यस कार्यविधि निर्माण गर्न सहयोग गर्ने परामर्शदाता वकिलको नियमानुसारको पारिश्रमिक भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७.** प्रस्ताव नं. २७ माथि छलफल गर्दा १० शैयाँ आधारभूत अस्पतालको जग्गा प्रासिको शिलशिलामा यस बेलका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र नेपाल सरकारको वन तथा भू-

संरक्षण विभाग, ववरमहल काठमाडौं विच मिति २०८२/०२/०२ गते भएको सम्झौता र सम्झौताको बुँदा नं. १८ मा उल्लेख भएको शर्त अनुसार यस बेलका नगर कार्यपालिकाको कार्यालयले वन विकास कोषमा दाखिला गर्नुपर्ने रकम आ. व. २०८२/०८३ को पहिलो त्रैमासिक भित्र उक्त रकममा ५% ले वृद्धि गरी श्रोतको व्यवस्थापन गरी कोषमा दाखिला गर्ने निर्णय गरियो ।

अशोक कार्की
नगर प्रमुख